# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


### मालसामान खरिद सम्बन्धी विद्युतीय सिलवन्दी दरभाउपत्र आह्वानको सूचना ।
(दोस्रो पटक प्रकाशित मिति २०७८।०७।२८)

यस कार्यालयको चालु आ.व. ०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लिखित मालसामानहरु विद्युतीय सिलवन्दी दरभाउपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने हुँदा सोको लागि विद्युतीय सिलवन्दी दरभाउपत्र पेश गर्न योग्यता पुगेका ईच्छुक फर्म तथा सप्लायर्सहरुबाट फर्म दर्ताको प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा स्थानीय फर्मको हकमा नगरपालिकामा ब्यवसाय दर्ता गरेको प्रमाणपत्र र आ.व.२०७७।७८ को कर चुक्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न गरी तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १६ औं (सोह्रौ) दिनको १२:०० बजे भित्र यस कार्यालयमा विद्युतीय सिलवन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१.सिलवन्दी दरभाउपत्र सम्बन्धी थप जानकारी यस कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालीको www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिनेछ ।

२.सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात वापतको दस्तुर तल उल्लेखित बैंकमा दाखिला गरेको भौचरको स्क्यान प्रति (pdf format) e-Gp पोर्टलमा अपलोड गरी सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp पोर्टल http://www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

३.सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :
बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक ओखलढुङ्गा शाखा
खातावालाको नामः सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय ओखलढुंगा बैंक खाता नं. २०७०१००३०१०१०००३

४.सिलवन्दी दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र विद्युतीय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp पोर्टल www.bolpatra.gov.np/egp मार्फत २०७८।०८।१३ गते दिनको १२:०० वजे भित्र पेश गरिसक्नु पर्नेछ । उल्लिखित मिति र समय पछि प्राप्त दरभाउपत्र स्वीकार हुने छैन ।

५.तोकिएको समय भित्र प्राप्त हुन आएका विद्युतीय सिलवन्दी दरभाउपत्रहरु दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा (दरभाउपत्रदाता वा प्रतिनिधि नभए पनि) सोहि दिनको २:०० बजे यस कार्यालयमा खोलिने छ ।

६.दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय बणिज्य बैंक ओखलढुंगा शाखास्थित धरौटी खाता नम्बर २०७०१००३०३००००००३ मा जम्मा गरेको सक्कल भौचर (दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो जमानतपत्रको मान्य अवधि दरभाउपत्र मान्य हुने अवधिभन्दा कम्तीमा पनि ३० दिन बढी हुनु पर्ने छ ।

७.सिलवन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछि कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समय अनुसार नै सिलवन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि साविककै मिति देखि गणना गरिनेछ ।

८.कुनै वा सवै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

९.यो सूचनामा कुनै कुरा स्पष्ट नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

१०.खरिद गरिने मालसामानहरुको स्पेसिफिकेशन यस कार्यालयको Website:http//www.siddhicharanmun.gov.np/ र Bid Document मा उपलब्ध छ ।

तपसिल

| ठेक्का नं | विवरण | लागत अनुमान (मूअकर सहित) | दरभाउपत्र फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| **Goods/01/078/79** | तारजाली खरिद | ९५९६८६।२५ | १०००।०० | २५०००।०० |
| **Goods/02/078/79** | जस्ता पाता खरिद | १६२५५०५।०० | १०००।०० | ४२५००।०० |

..........................
निमित्त प्रमुख प्रशासकीय अधिकृत